# सार्वजनिक हित, प्रयोग र पत्रकारिता

रवीन्द्र मिश्र

केही समययता यो लेखक सञ्चारमाध्यमको प्रयोग, दुरुपयोग र पत्रकारिताबीचको सम्बन्धबारे घोत्लिरहेको छ । गत दुई दशकमा पत्रकारिताबारे जे जति पढियो, सिकियो र जे जति पत्रकारिता अभ्यास गरियो, त्यसको पृष्ठभूमिमा त्यस्तो सम्बन्धबारे आफ्नै एउटा धारणा बन्नु स्वाभाविक हो । लामो समय पत्रकारिता अभ्यास गरेका अरूहरूको पनि त्यसबारे आ-आफ्नै धारणा होलान् नै । यही धारणा सही र यही धारणा गलत भन्न गाह्रो होला तर यस्ता विषयमा हुने छलफलले निश्चय पनि सञ्चारमाध्यमसँग सम्बन्धित सबैलाई फाइदा नै पुऱ्याउँछ भन्ने मेरो विश्वास हो ।

समाज रूपान्तरणमा राजनीतिको ठूलो महत्त्व भए पनि व्यक्ति-व्यक्तिमा कल्याणकारी भावनाको विकास नभएसम्म राजनीति र सम्पूर्ण समाजको सकारात्मक रूपान्तरण सम्भव हुँदैन । यही दृढ विश्वासलाई मैले मूलत: २०६६ साल यताका आफ्नो पत्रकारितागत लेखनको केन्द्रमा राख्ने गरेको छु। व्यक्तिगत रूपमा समाज रूपान्तरणलाई प्रत्यक्ष सहयोग पुऱ्याउने कुनै पनि प्रकृतिको कल्याणकारी काम गर्नुपर्दा खल्तीबाट दस रुपियाँ झिक्न गाह्रो मान्ने तर देश कसरी बनाउन सकिन्छ भनेर चाहिँ यत्रतत्र सर्वत्र भाषण छाँट्ने नेता र अन्य पेसाकर्मीहरूको बाहुल्य नै समाजको तात्विक रूपान्तरण हुन नसक्नाको मूल कारण हो भन्ने मेरो निक्यौंल हो । तुलनात्मक रूपमा राम्रै आय भएको एकजना सम्पन्न राजनीतिज्ञ

*मिडिया अध्ययन* ५: २६३-२६९  २०६७

या कुनै पेसाकर्मीले सधैँ देश बनाउने कुरा मात्र गर्छ तर ठोस उपलब्धिमूलक सामाजिक रूपान्तरणका काम गर्न केही लाख रुपियाँ या आफ्नो श्रम दान दिन सक्दैन भने उसका सारा कुरा सामाजिक पहिचान, पदीय उपलब्धि या अर्थोपार्जनको चाहनाबाट प्रेरित छ भनेर बुझ्ने हुन्छ । सधैँ कर्णालीको गरीबी कसरी कम गर्न सकिन्छ भनेर भाषण गर्ने तर नाकै अगाडिको एकजना गरीबलाई विद्यालय पठाउन सहयोग गर्न नसक्ने सम्पन्न सक्रियतावादीहरूको इमानदारीमाथि प्रश्न गर्नैपर्ने हुन्छ । तिनीहरूमा व्यक्तिगत छवि रूपान्तरणको चाहनामात्र हुन्छ, समाज रूपान्तरणको वास्तविक प्रतिबद्धता हुँदैन भनेर ठोकुवा गर्न सकिन्छ ।

यी भावहरूलाई मैले आफ्ना लेखनमा प्रतिबिम्बित गर्ने प्रयास किन पनि गरिरहेको छु भने, पत्रकारिताको मूल धर्म भनेको 'सार्वजनिक हित' हो । तर विश्वभरि अभ्यास गरिने मूलतः राजनीतिमुखी पत्रकारिताबाट मात्र पत्रकारिताको वास्तविक धर्म पूरा भएको पटक्कै महसुस हुँदैन । राजनीतिक र व्यक्तिगत अधिकार अनि लोकतन्त्रको प्रवर्द्धनका लागि पत्रकारिताले प्रशस्तै योगदान पुऱ्याएको छ । तर अधिकारबोध र लोकतन्त्रले मात्र समाजको सकारात्मक रूपान्तरण सम्भव नहुने रहेछ भन्ने कुरा झन्झन् स्पष्ट हुँदै गइरहेको छ । लोकतन्त्र उपलब्ध विकल्पहरूमा सर्वोत्कृष्ट शासन प्रणाली हो भन्ने विश्वास छ । यद्यपि यो लेख लेख्ने समयताका मैले अध्ययन गरिरहेको *डेमोक्रेसी किल्स* (लोकतन्त्रले मार्छ) शीर्षकको बीबीसीका पत्रकार हम्फ्री हक्सलीको पुस्तकमा गरिएको सामाजिक विभेदको चित्रण र दिइएका तथ्यहरूबाट पनि लोकतन्त्रको प्रवर्द्धनमात्र समाज रूपान्तरणका लागि पर्याप्त छैन भन्ने पुष्टि हुन्छ । उदाहरणका लागि सन् १९५० तिर झण्डैझण्डै सँगै आधुनिक यात्रा सुरु गरेका साम्यवादी चीन र प्रजातान्त्रिक भारतको चर्चा गर्दै हक्सली भन्छन्, "भारतमा अझै पनि ८० प्रतिशत मानिसहरू दिनको दुई डलरभन्दा कममा जीवन गुजारा गर्छन् भने चीनमा त्यो सङ्ख्या ४० प्रतिशतभन्दा कम छ" (हक्सली सन् २००९) । तर विश्वभरि पत्रकारिता आँखा चिम्लेर मूलतः लोकतान्त्रिक राजनीतिको सेरोफेरोमै मात्र घुम्ने गर्दछ । लोकतन्त्रलाई व्यक्तिमुखी भन्दा पनि लोककल्याणमुखी बनाउन नसक्ने हो भने केवल लोकतन्त्रबाट समाजको रूपान्तरण सम्भव नहुँदोरहेछ । तर राजनीति र लोकतन्त्रबाहेक समाजको प्रत्यक्ष हित गरिरहेका लोक-कल्याणका विषयहरूले सञ्चारमाध्यमहरूमा धेरै कम स्थान पाउँदछन् । पाइहाले भने पनि तिनलाई कतिपयले पचाउनै सक्दैनन् र कतिपयले पढ्दै पढ्दैनन् । किनभने पाठकहरूको पढ्ने बानी पनि राजनीतिले नै निर्देशित गर्ने गरेको छ ।

आफ्ना यी विश्वास प्रस्तुत गर्ने क्रममा मैले अधिकांशतः मेरो जानकारीमा आएका, मेरा लेखकीय तन्तुहरूमा अनायास छाप पारेका व्यक्ति र घटनाहरूलाई आफ्ना लेखहरूको विषयवस्तु बनाउने गरेको छु । तर कुनैकुनै लेखमा म आफैं आवद्ध कल्याणकारी संस्था, हेल्प नेपाल नेटवर्क : नेपालको लागि महिनाको सय रुपियाँ कोष, र त्यससँग सम्बन्धित मेरा अनुभवहरू पनि बाँड्ने गरेको छु । सकारात्मक सोच र कार्यमा सघाउ पुऱ्याउँछ भने आफैंसँग सम्बन्धित अनुभवहरूलाई आम पाठक समक्ष इमानदारीपूर्वक बाँड्नु 'मपाइँत्व' होइन भन्ने मेरो निष्कर्ष हो । तर मैले लेख्ने गरेको एउटा प्रकाशन गृह, कान्तिपुर पब्लिकेशन्स्, तथा कतिपय अन्यले मेरो लेखनलाई कल्याणको व्यक्तिगत एजेण्डा प्रवर्द्धन गर्ने प्रयासका रूपमा हेरेको पाइयो । त्यस्तो लेखन व्यक्ति र संस्थाको 'विज्ञापन' हो र पत्रिकालाई त्यसरी 'प्रयोग' हुन दिनु हुन्न भन्ने उनीहरूको निष्कर्ष थियो । यस्तो विचार राजनीतिले अपहरण गरेको मानसिकताको प्रतिफल मात्र हो भन्ने मेरो बुझाइ छ ।

## गलत अभ्यास

हिजोआज देशका प्रमुख पत्रपत्रिकाका विचार पृष्ठहरूमा दिनदिनैजसो छ्यापछ्याप्ती राजनीतिक दलका नेताका लेखहरू पढ्न पाइन्छ । राजनीतिक दलका नेताहरूले लेख्न हुँदैन भन्ने होइन । तर सकभर स्वतन्त्र टिप्पणीकार, विचार निर्माता तथा विज्ञका विचारले भरिनुपर्ने पत्रिकाका विचार पृष्ठमा राजनीतिज्ञहरूलाई त्यति धेरै स्थान दिनु उचित हो कि होइन ? तिनले लेख्दा तिनको दल, दलभित्रको निश्चित गुट वा तिनको व्यक्तिगत राजनीतिक एजेण्डाको प्रवर्द्धन भएको हुन्छ कि हुँदैन ? पत्रिका, रेडियो, टेलिभिजनका अन्तर्वार्ता र बहसहरूमा तिनीहरू नै छाउँछन् । गोष्ठी, सभा र अन्य समारोहहरूमा उनीहरू नै फलाक्छन् । पत्रपत्रिकाको समाचारहरू सबै उनीहरूकै विचारले पूर्ण हुन्छन् । त्यसलाई उनीहरूले पत्रिकालाई 'प्रयोग' गर्न खोजेको या आफ्नो एजेण्डा प्रवर्द्धन गर्न खोजेको रूपमा न त पाठकले हेरेका छन् न त सम्बन्धित सम्पादक तथा व्यवस्थापकहरूले । किनभने यी सारा वर्षहरूमा हामी त्यसैसँग अभ्यस्त भयौं । तर राजनीतिले अपहरण गरेको अनि हिंसा, आक्रोस र निरूत्साह व्याप्त भएको समाजमा युवाहरूलाई थोरै नै भए पनि प्रेरणा मिल्ला भनेर जीवनमा भोगेका कतिपय सकारात्मक अनुभवहरूलाई कुनै बढाइचढाइ नगरी अत्यन्त इमानदारीपूर्वक पाठकहरूसँग बाँड्न खोज्दा त्यसो नगर्न मलाई सुझाव दिइएका छन् । त्यसरी लेखिएका लेख पत्रिकालाई 'प्रयोग' गर्न खोजियो भनेर सम्पादक र म स्वयंलाई नछाप्न दबाब दिइएका

अनुभवहरू मसँग छन् । व्यक्तिगत आग्रह-पूर्वाग्रहबाट माथि उठ्नुपर्ने सञ्चारमाध्यमहरूले 'कल्याणको व्यक्तिगत एजेण्डा प्रवर्द्धन गर्न नदिने' नाममा लेख मात्र होइन छापिनै पर्ने समाचार नछापिएका घटनाहरू छन् । त्यस्तो प्रवृत्तिको आलोचना प्रकाशन गृहहरूको अस्वस्थ प्रतिस्पर्धाको फाइदा लिन खोज्ने अन्य पत्रिकामा होइन सम्बन्धित पत्रिकामै छापिनुपर्छ भनी गरिएका आग्रह लत्याइएका छन् । र, सम्बन्धित प्रकाशनबाट अस्वीकृत भएपछि त्यस्तो लेख अन्त छपाउँदा वर्षौंदेखि आफ्नो प्रकाशनलाई स्तम्भ लेखिरहेको लेखकको स्तम्भ नै बन्द गरिएको अनुभव पनि यस लेखकसँग छ ।

यस्ता अनुभवको चर्चा पढ्दा कतिपयलाई त्यो व्यक्तिगत तिक्तताको परिणाम भन्ने लाग्न सक्छ तर ती अनुभवहरू पत्रकारिता अभ्यासको व्यापक दायरासँग प्रत्यक्षरूपमा सम्बन्धित छन् । एकजना स्थापित संविधानविद् तथा गम्भीर विश्लेषकले मसँग एकपल्ट गुनासो गर्दै भनेका थिए, "मैले बीपी कोइरालाले राजनीतिक दलहरू र राजा नेपालका लागि मिलेर जान किन आवश्यक छ भनी मेलमिलापको महत्त्वबारे लेखेको लेख देशको एउटा प्रमुख दैनिकले आफ्नो सम्पादकीय नीति बाहिरको भन्दै छापेन । तर त्यसकै भोलिपल्ट सो पत्रिकाले माओवादीको मुक्त कण्ठले प्रशंसा गर्दै एकजना माओवादी रूझानका टिप्पणीकारले लेखेको लेख भने छाप्यो ।" समस्या के भने, देशको प्रमुख पत्रिकाले त्यस्तो आग्रहपूर्ण नीति लिनु हुँदैन भनेर कसैले पत्रिकाको बारेमा टिप्पणी गऱ्यो भने, सो पत्रिकाले त्यो छाप्दै छाप्दैन । अरूका कमीकमजोरीबारे कोकोहोलो गर्ने पत्रकार तथा प्रकाशन गृहहरूले आफ्नै कमजोरीबारेका लेख छाप्ने कि नछाप्ने ? के हामी सञ्चारकर्मीबाट कहिल्यै गल्ती नै हुँदैन र ? पत्रकारितामा कस्तो अभ्यास ठीक हो र कस्तो होइन भनेर प्रश्न गर्न पाइने कि नपाइने ? राजनीतिक एजेण्डा प्रवर्द्धन गर्न हुने हो भने कल्याणको एजेण्डा प्रवर्द्धन गर्न हुने कि नहुने भनेर बहस गर्न मिल्ने कि नमिल्ने ? पत्रकारिताको मूल धर्म सार्वजनिक हित भएकोले कस्तो पत्रकारिताबाट सार्वजनिक हित हुन्छ भनेर छुट्ट्याउने जिम्मा हाम्रै हो, त्यस्तो प्रयास गर्ने कि नगर्ने ?

मैले नेपालको एउटा प्रमुख पत्रिकामा लोककल्याणको एउटा ज्वलन्त उदाहरण, २५ वर्षीया पुष्पा बस्नेतको बारेमा एउटा लेख लेखेको थिएँ । उनी काठमाडौँको खातापिता घरकी, मोजमस्ती गर्नुपर्ने उमेरकी युवती भएर पनि बाबुआमा जेल परेका २५ जनाभन्दा बढी केटाकेटीको हेरचाह गरेर बसेकी थिइन् । त्यो एउटा असाधारण परोपकारी कार्य थियो । मैले आफ्नो लेखको अन्त्यमा बस्नेतकै अनुमति लिएर उनको फोन नम्बर दिएको थिएँ । उनको

अनुमति लिएर मात्र फोन नम्बर दिएको कुरा मैले पत्रिकालाई अवगत पनि गराएँ। तर त्यो फोन नम्बर हटाइयो। त्यो फोन नम्बर हटाउने बित्तिकै सो लेखको मरण भएको मैले महसुस गरेँ। सम्पूर्ण लेखको उद्देश्य ती महिलाको असाधारण कामको प्रशंसा गर्नु मात्र थिएन, उनलाई इच्छुक व्यक्तिहरूले सहयोग पनि गरून् भन्ने थियो। तर फोन नम्बर हटाउने बित्तिकै मेरो लेख झण्डैझण्डै निरर्थक हुनगयो। पत्रकारिताको सार्वजनिक हितको उद्देश्य मऱ्यो। पश्चिमी देशहरूमा हो भने कल्याणसम्बन्धी त्यस्ता लेख र समाचारहरू छापिने बित्तिकै सहयोग गर्न इच्छुकहरूका लागि सम्पर्क फोन या ठेगाना दिइएको हुन्छ। त्यसलाई सो व्यक्तिको विज्ञापनको रूपमा हेरिँदैन। नेपालमा *नेपाली टाइम्स* अङ्ग्रेजी साप्ताहिकले मात्र त्यसरी फोन नम्बर दिने गरेको मैले पाएको छु। त्यति नगर्ने हो भने, त्यस्तो लेख छाप्नु पत्रिकाको अत्यन्त मूल्यवान् ठाउँको दुरुपयोग मात्र हो।

## नैतिकताको प्रश्न

साँच्चिकै विज्ञापन छाप्दा सामाजिक र नैतिक दायित्वको प्रश्न नआउनु अनि 'सार्वजनिक हित' लाई सहयोग पुऱ्याउने लेखन र सम्बन्धित सूचनालाई चाहिँ विज्ञापनका रूपमा हेरिनु एउटा विडम्बना हो। दिनदिनै देशका प्रमुख पत्रिकाहरूमा छापिने वर्गीकृत विज्ञापनहरूको खण्डमा यस्ता विज्ञापनहरू छापिएका हुन्छन् : "सेक्स पावर, मेल एण्ड फिमेल: ह्यान्डसम अप, लिङ्गको लम्बाइ र मोटाइ बढाउने अमेरिकन प्रोडक्ट...", "यौन उपचार - १००% सन्तुष्टी फर म्यान। शीघ्र स्खलन, उत्तेजना नहुने साथै लिङ्गको मोटाइ, लम्बाइ बढाउन वर्ल्डवाइड नम्बर वान उपकरण।" अथवा "१५ दिनमै अङ्ग्रेजी भाषा बोल्न र लेख्न सकिने" जस्ता विज्ञापनहरूलाई अन्य उदाहरणका रूपमा लिन सकिन्छ। ती र त्यस्ता कैयौं विज्ञापनमा कुनै सत्यता छैन भन्ने जोकोहीले बुझ्न सक्छ। त्यस्ता विज्ञापन छाप्न पत्रपत्रिकालाई समस्या हुँदैन किनभने त्यसबाट पत्रिकालाई पैसा आउँछ। तर सार्वजनिक हितलाई आफ्नो धर्म सम्झिने सञ्चार संस्थाहरूले अलिकति पैसा आउँछ भन्दैमा पूर्णत: झूटो भन्ने थाहा हुँदाहुँदै त्यस्ता विज्ञापनहरू छाप्नु हुन्छ कि हुँदैन ? कहाँ जान्छ त्यति बेला पत्रकारिताको धर्मको प्रश्न ? पत्रपत्रिकाहरू आफूले प्रकाशित गरेका समाचार र विचारहरूबाट सम्बन्धित व्यक्ति र संस्थाहरूमा सकारात्मक परिवर्तन आओस् भन्ने चाहान्छन्। तर माथि उदाहरण दिइएजस्ता पूरापूर झूट र अश्लील विज्ञापन छाप्नु पूर्णत: अनैतिक हो भनेर लेखिसकेपछि पनि देशका प्रमुख पत्रिकाहरू त्यस्ता विज्ञापन हटाउनसम्म चाहँदैनन्। सधैं

नैतिकताको खेती गर्नेहरू स्वयंको नैतिकता कहाँ गयो भनेर अब प्रश्न गर्न मिल्ने कि नमिल्ने ? त्यसको उत्तर सम्बन्धित सञ्चारमाध्यमहरूले खोज्ने कि नखोज्ने ?

लोकतन्त्रको हित हुन्छ भन्ने अमूर्त विश्वासका कारण तारन्तार व्यक्तिगत राजनीतिक एजेण्डाको विज्ञापन गर्न हुने हो भने, अलिकति पैसा आउँछ भनेर अश्लील र झूटा विज्ञापन छाप्न हुने हो भने जनकल्याण हुने प्रस्ट सम्भावना भएको ठाउँमा 'व्यक्तिगत एजेण्डाको प्रवर्द्धन' नै भयो भने पनि के फरक पर्‍यो ? स्वार्थैस्वार्थले भरिएका नेताको व्यक्तिगत एजेण्डा लुछाचुँडी गरेर छाप्न हुने तर समाजको प्रत्यक्ष हित हुने र पत्रकारिताको सार्वजनिक हितको मूल भावसँग ठ्याक्कै तादात्म्य राख्ने निस्वार्थ सामाजिक कार्यकर्ताको व्यक्तिगत एजेण्डाको प्रवर्द्धन गर्न किन नहुने ? नेताको सत्तामा हाबी हुने लक्ष्यमा बढी स्वार्थ होला कि, कल्याणका लागि काम गर्नखोज्ने व्यक्तिको लक्ष्यमा बढी स्वार्थ होला, छुट्ट्याउने प्रयास गर्ने कि नगर्ने ? विकसित देशहरूमा हो भने राम्रा कामसँग सम्बन्धित व्यक्तिगत एजेण्डालाई प्रवर्द्धन गर्न मानिसहरूलाई प्रेरित नै गरिन्छ, निरूत्साहित गरिँदैन ।

नेपालकै सन्दर्भमा पनि सञ्चारमाध्यमको प्रयोग गरेर यस्ता कामको प्रवर्द्धन गर्न खोज्दा सकारात्मक प्रभाव पारेको छ। उदाहरण फेरि *नेपाली टाइम्स* साप्ताहिककै लिऊँ । यस लेखकलाई याद छ, पत्रकार भैरव रिसालले उनको 'हुम्लामा उज्यालो' अभियानबारे सो पत्रिकामा लेख लेखेपछि, उनले धेरै सहयोग पाए र हुम्लामा सयौँको घरमा बत्ति बले। सोही पत्रिकामा विमान चालक विजय लामाको 'न्यानोपन' कार्यक्रमबारे उनको लेख छापियो । तत्पश्चात उनीप्रति धेरैले समर्थन र सहयोग व्यक्त गरे। परिणामस्वरूप, कठाङ्ग्रिदो जाडोमा एक सरो लाउन नपाउने कैयौँ बालबालिकाहरूले न्यानो लुगा पाए। त्यसबाट हामीजस्ता समय निकालेर पत्रिकामा लेख्न सक्नेहरूलाई होइन, दिनरात काम गर्दा एक छाक खान नपुग्नेहरूलाई प्रत्यक्ष लाभ पुगेको छ । रिसाल र लामाले जे गरे र जे लेखे त्यसबाट पत्रिकाको सही प्रयोग भयो कि दुरुपयोग भयो ? अरूले लेखिदिने आफ्नो ठाउँमा छँदै छ तर आफूमा लेख्ने क्षमता छ र आफ्नै अनुभव गाँसिएको छ भने त्यस्तो लेखाइ अझ बढी सशक्त र प्रभावकारी हुनसक्छ ।

## निष्कर्ष

जसरी भए पनि सार्वजनिक हित हुन पर्‍यो, पत्रकारिताको मूल लक्ष्य त्यही हो । त्यो क्रममा व्यक्तिगत, समूहगत, संस्थागत जुनसुकै एजेण्डा प्रवर्द्धन भए पनि केही फरक पर्दैन । त्यस्ता एजेण्डमा निहित स्वार्थ लुकेको छ कि छैन भनेर निक्र्यौल गर्ने जिम्मा सम्बन्धित सञ्चार संस्थाहरूको हो । माथि चर्चा गरिएझैं कैयौं राजनीतिक नेता तथा निहित स्वार्थले पूर्ण टिप्पणीकारहरूको विचार छाप्दा त्यसलाई पत्रिकालाई 'प्रयोग' गरिएको रूपमा नहेरिनु र जे गर्दा समाजलाई प्रत्यक्ष फाइदा पुग्छ, जसबाट पत्रकारिताको सार्वजनिक हितको मूल भावलाई प्रत्यक्ष सहयोग पुग्छ, त्यसलाई चाहिँ 'प्रयोग' को रूपमा हेरिनु अत्यन्त दुःखद परिस्थिति हो । तर त्यो विश्वव्यापी रूपमा नितान्त राजनीतिमुखी पत्रकारिताका कारण व्याप्त गलत प्रचलनको परिणाम हो । राजनीतिको त्यो साँगुरो खाल्डोबाट बाहिर निस्किएर पत्रकारिताको धर्म के हो र हामीले गरिरहेको पत्रकारिताबाट त्यो धर्मको पालना भएको छ कि छैन भनेर प्रश्न नगर्ने हो भने हामीले हाम्रो पेशालाई कहिल्यै न्याय गर्न सक्ने छैनौं ।

## सन्दर्भ सामग्री

Hawksley, Humphrey. 2009. *Democracy Kills: What's so Good about the Vote?* London: Macmillan.




## चौतारी पुस्तक शृङ्खला- ५०

नेपाली टेलिभिजन प्रसारणको अभ्यासले २५ वर्ष पूरा गर्दैछ । नेपालमा टेलिभिजन प्रसारणमा दस च्यानल देखा परिसकेका छन् । तर तिनका अभ्यास, प्रकृति, अन्तर्वस्तु, इत्यादि पक्षबारे यथेष्ट बहस हुन सकेको छैन । यसै सन्दर्भलाई ध्यानमा राखी यो पुस्तक– *नेपाली टेलिभिजन : अभ्यास, अनुभूति र विश्लेषण* तयार पारिएको हो ।

यस पुस्तकले नेपालमा अभ्यासरत टेलिभिजनका विविध आयामलाई खोतलेको छ । अधिकांश लेख टेलिभिजनमा सक्रिय र अनुभवी व्यक्तिले लेखेका हुन् । तसर्थ अनुसन्धान र अनुभवको मिश्रणले लेखहरूलाई खँदिलो बनाएको छ । यसमा इतिहास, समाचार, टेलिफिल्म, वृत्तचित्र र समावेशीकरण गरी जम्मा पाँच मुख्य खण्ड छन् । तिनमा नेपाली टेलिभिजनको इतिहास, कार्यक्रमको विकासक्रम, टेलिभिजन समाचार, टेलिफिल्म, टेलिभिजन वृत्तचित्र, भाषाभाषीका कार्यक्रम र टेलिभिजनमा दलितबारे विवेचना गरिएका लेख छन् । टेलिभिजन संस्कृतिसम्बन्धी परिचय र नेपाली टेलिभिजनबारे सन्दर्भ सामग्री पनि यहाँ छ ।